म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- २३० २०८० असार ३० गते शनिबार 15 July 2023, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

नेपाल विद्युत प्रधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रदेश

ग्राहक वर्गमा हार्दिक अनुरोध

विद्युत सम्बन्धि कुनै पनि गुनासा वा समस्या भए नेपाल विद्युत प्राधिकरणको हटलाईन नम्वर ११५० डायल गरी निर्देशन बमोजिम ८ थिचि जानकारी गराउनुहोस हामी तपाईंको समस्या समाधान गर्न सदैव तत्पर रहनेछौं ।

बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय
भुटनदेवी हेटौंडा ।

# बालमैत्री वडा घोषणा हुन सकेन

जमुना थिङ

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले आउँदो मंसिर मसान्तभित्र बालमैत्री स्थानीय शासन घोषणाको तयारी गरिरहेको छ । अभियानलाई सार्थक बनाउन बालमैत्री वडा घोषणा गर्नुपर्ने भए पनि उपमहानगरले अहिलेसम्म कुनै वडालाई पनि बालमैत्री घोषणा गर्न सकेको छैन ।

उपमहानगरलाई बालमैत्री स्थानीय शासन घोषणा गर्न ५ महिना बाँकी छ । उपमहानगरलाई बालमैत्री घोषणा गर्नुअघि विद्यालय, टोल र वडालाई बालमैत्री घोषणा गर्नुपर्दछ । हेटौंडामा १९ वटा वडा रहेका छन् । तर, बालमैत्री वडा घोषणाको काम हुन नसकेको हो ।

वडावडामा बालमैत्री वडा सहजकर्ता नियुक्ति गरिएको ५ महिना भइसकेका छन् । उपमहानगरको अन्य वडाहरुभन्दा ८ नम्बर वडाले बालमैत्री घोषणाका लागि सक्रियता देखाएको छ । हेटौंडा–८ का वडा सहजकर्ता रोजिता दंगाल भन्नुहुन्छ– 'अहिले बाल सहभागिता र बाल संरक्षणलाई हामीले विशेष जोड दिइरहेको छौं ।' वडामा बालमैत्री स्थानीय शासन घोषणाबारे सहजीकरण भइरहेको छ ।

टोल अभिमूखीकरण, बाल समूह निर्माण, बालविवाह/बालश्रमबारे कार्ययोजना बनाउने क्रममा कसरी काम काम गर्ने होला भन्ने चिन्ता हुने गरेको भए पनि जनप्रतिनिधि, विद्यालय, शिक्षक र विद्यार्थीको सहकार्य र समन्वयले सहज भएको उहाँले बताउनुभयो । आफूले काम सुरु गर्दा माउण्ट एभरेष्ट बोर्डिङमा मात्र बाल संरक्षण नीति, अभिभावक आचारसंहिता टाँस गरेको पाएको उहाँको भनाइ छ । वडाले अभियान सुरु गर्नुअघि विद्यालयमा बालमैत्री अभियान सुरु भइसक्दा केही सहजता मिलेको उहाँले जानकारी दिनुभयो ।

वडाका चन्द्रोदय माध्यमिक विद्यालय, कमाने एकेडेमी, पशुपति विद्या सदन र हिमगंगा आधारभूत विद्यालय पनि उक्त अभियानमा जोडिइसकेको उहाँले बताउनुभयो । विद्यालयहरुको सहयोगमा अहिले १९ वटा टोलमध्ये १७ वटामा टोलस्तरको बाल समूह, ४ वटा विद्यालयस्तरको बाल समूह गरी २१ वटा बाल समूह र एउटा वडास्तरीय बाल सञ्जाल क्रियाशील रहेको दंगालले जानकारी दिनुभयो ।

ती बाल समूह र सञ्जालहरुको सक्रियतामा बाल सहभागिता र बाल संरक्षणका कार्यलाई जोड दिइरहेको उहाँको भनाइ छ । उपमहानगरमात्र नभई वडालाई पनि बालमैत्री बनाउने भएपछि बालमैत्री स्थानीय शासनबारे थाहा नपाउने घरपरिवार बिरलै भेटिएको उहाँले जानकारी दिनुभयो ।

> संस्थागत विकासका ५ वटा र बालमैत्री वडा घोषणाको ५१ वटा सूचक पूरा भएको पुष्टि गर्ने कागजपत्र र तस्वीर भएपछि बालमैत्री वडा घोषणा गर्न सकिने उहाँले बताउनुभयो ।

बाल समूह गठनपश्चात् अतिरिक्त क्रियाकलाप, नियमित बैठक, समाजका समस्या बारेमा समूहमा छलफल भइरहेको छ । धुमपान, मध्यपान, बालविवाहविरुद्धमा वडा अध्यक्षसहित घरदैलो कार्यक्रम सम्पन्न भइसकेको उहाँले बताउनुभयो ।

वडाको आगामी वर्षको नीति तथा योजना तर्जुमा कार्यक्रममा बालबालिकाको कार्यक्रम तथा योजनासमेत सम्बोधन भएको छ । यसले बाल अधिकार सुनिश्चित र प्रत्याभूत भएको उहाँको धारणा छ । यस्तै, बालात्कार, लागूपदार्थ दुर्व्यसहन, साइबर अपराध, हिंसाविरुद्ध सचेतना तथा अभिमुखीकरण दिइएको छ ।

जनप्रतिनिधिसँग बालबालिका, संरक्षक अभिभावकको नियमित निगरानीमा मासिक बैठक, विद्यालयका संरचना, बोली तथा व्यवहारमा बालमैत्रीपन, स्वास्थ्य संस्थाको सूचक प्राप्ति तथा दिगोपनबारे सहजीकरण गर्दै आइरहेको उहाँले बताउनुभयो । कतै निकृष्ट बालश्रम, बालविवाहजस्ता घटना थाहा पाए सम्बन्धित निकायमा जानकारी गराउने र बुझाउने कार्य गर्न बालबालिका र स्थानीय बसिन्दालाई अनुरोध गरिरहेको उहाँले जानकारी दिनुभयो । ७ जना बालश्रमिकलाई पुनः विद्यालय जाने वातावरण निर्माण गरिएको उहाँको भनाइ छ । २० वर्ष पुगेपछि विवाह गर्ने, १८ वर्षमुनिका बालबालिकालाई मद्यपान/धुमपान किनबेचमा संग्लन नगराउने, टोल सरसफाई, वृक्षरोपण, धार्मिक स्थल सरसफाई, महिनाबारी व्यवस्थापनजस्ता सामाजिक कार्यमा जोड्ने काम भइरहेको उहाँले बताउनुभयो ।

बाल अधिकार तथा बाल हकहित र बालबालिकाको कर्तव्यबारे बालबालिकालाई जानकारी दिने र कर्तव्यबोध गराउने कार्यलाई प्राथमिकता दिइएको छ । ८–९ वर्षकै उमेरमा बालबालिकालाई सामाजिक कार्यमा जोड्नसके बालबालिकाको क्षमता विकास हुने उहाँको भनाइ छ । समाजका विकृति र विसंगतिविरुद्ध बालबालिकाको सहभागिता वृद्धि हुने र सकारात्मक समाजको विकास हुने उहाँले आशा व्यक्त गर्नुभयो ।

पसल र ग्यारेजका व्यवसायीहरुले बालश्रमिक विस्थापन गर्ने, १८ वर्षमुनिका बालबालिकाले मद्यपान/धुमपानको किनबेच गर्न नपाउने नियमलाई कडारुपमा पालना गरिए र बीचैमा पढाइ छाडेर श्रममा संग्लन बालबालिकालाई अनौपचारिक शिक्षा दिने नीति लागू भए बालमैत्री स्थानीय शासन घोषणामा समस्या हुँदैन । विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय ल्याउने वातावरण निर्माण, प्रौढ शिक्षा र फरक क्षमता भएका बालबालिकाको लागि बिशेष विद्यालयमा पर्याप्त कोटा बनाउन सकेमा मात्र सोचेको र तोकिएको मितिमा हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्न सकिने वडा सहजकर्ता दंगालको भनाइ छ ।

यसबीचमा अन्य पालिकाले बालमैत्री घोषणा नगरे हेटौंडा उपमहानगरपालिका बालमैत्री घोषणा गर्ने २२ औं स्थानीय तह र दोस्रो उपमहानगरपालिका हुने बताइएको छ । तर, हालसम्म वडालाई समेत बालमैत्री घोषणा गर्न सकिएको छैन । बालमैत्री वडा घोषण का लागि धेरैवटा सूचक पूरा भएको हुनपर्ने उहाँको भनाइ छ । संस्थागत विकासका ५ वटा र बालमैत्री वडा घोषणाको ५१ वटा सूचक पूरा भएको पुष्टि गर्ने कागजपत्र र तस्वीर भएपछि बालमैत्री वडा घोषणा गर्न सकिने उहाँले बताउनुभयो ।

बालश्रमिकको उचित व्यवस्थापन नहुँदा, विद्यालय बाहिर बालबालिका हुँदा, बालमैत्री संरचनाको विकास नहुँदा र बालविवाह रोकथाम गर्न नसक्दा बालमैत्री वडा घोषणा गर्न नसकिएको उहाँले स्वीकार गर्नुभयो । उपमहानगरले यस विषयमा प्राथमिकता दिई कार्यक्रम तथा नीति र योजना निर्माण गरी बजेट विनियोजना गरिए असोजभित्र ८ नम्बर वडालाई बालमैत्री वडा घोषणा गर्न सकिने उहाँको भनाइ छ ।

अन्य वडाको तुलनामा १० नम्बर वडामा धेरै श्रमिक बालबालिका रहेका छन् । उपमहानगरभित्र रहेका बालश्रमिकको उद्वार गरी अभिभावकलाई जिम्मा पनि लगाइँदै आएको छ । तर, केही वर्कशपहरुले भने अझै अटेर गरेर श्रमिक बालबालिका राखिरहेको पाइएको बताइएको छ । हेटौंडा–४ मा रहेको एक वर्कशपले अटेर गर्दै श्रमिक बालबालिकाको प्रयोग गरिरहेको पाइएको दंगालले जानकारी दिनुभयो । नियमित अनुगमन हुन नसकेको उहाँको भनाइ छ ।

हेटौंडा उपमहानगरले ६ महिनाअघि विद्यालय वरपर धुमपान/मद्यपान बिक्री गर्न निषेध गरेको भए पनि हालसम्म उक्त कार्यले सफलता पाएको छैन । हेटौंडा उपमहानगरपालिको आउँदो साउन १ गतेदेखि सार्वजनिक स्थल, कार्यालय, विद्यालय, अस्पताल वरपर एक मिटर भित्र धुमपान र २ सय मिटरभित्र मद्यपान बिक्रीवितरण गरेको पाइए उक्त सामान जफत गरेर जरिबाना गरिने जनाएको छ ।

बाल संरक्षणलाई जोड दिन नसकेको उपमहानगरले बालमैत्री अभियानलाई कत्तिको प्रभावकारी बनाउँछ भन्ने कुरा यकिन हुन बाँकी छ । हेटौंडा उपमहानगर पालिकाभित्र रहेका शाखा तथा महाशाखाहरु शिक्षा, स्वास्थ्य, सामाजिकलगायतले पनि उक्त अभियानलाई सार्थक बनाउन नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । उपमहानगरको अन्य शाखा तथा महाशाखाले बालमैत्री घोषणासम्बन्धी कार्यक्रम महिला, बालबालिका तथा ज्यष्ठ नागरिक महाशाखाको मात्र हो भन्ने जस्तो गरिरहेको महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले आरोप लगाउनुभएको छ । सबैको साथ, सहयोग र सहकार्य आवश्यक रहेको भन्दै उहाँले उक्त अभियानमा जोडिन अपिलसमेत गर्नुभयो ।

# ३४ जनाले गरे रक्तदान




समाज संवाददाता

हेटौंडाः हेटौंडाको नवोदय शिशु सदनमा भएको रक्तदान कार्यक्रममा ३४ जनाले रक्तदान गरेका छन् । नवोदयको कक्षा १० का विद्यार्थीले आयोजना गरेको रक्तदान कार्यक्रममा ३४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । बिहीबार भएको कार्यक्रमा ७ महिला र २७ पुरुषले रक्तदान गरेका हुन् । कार्यक्रममा शिक्षक, विद्यार्थीका साथै अभिभावले पनि रक्तदान गरेका थिए । रक्तदान कार्यक्रमा रक्तसञ्चार केन्द्र हेटौंडाको सहयोग रहेको सापकोटाले बताउनुभयो ।

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेजमा** B.Sc.CSIT कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, BSc. CSIT र BCA को 11 औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057–526660, 9855069444, 9855077417, 9855067435

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज;
अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट




प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट

शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७



Unlock Your Leadership Potential by Pursuing a Management Degree.

Study +2
MANAGEMENT
BUSINESS STUDIES, COMPUTER SCIENCE AND MATHEMATICS

CLASS STARTS FROM 15th SHRAWAN

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"
For inquiry:
9855074222
ENROLL NOW

Hetauda-4, Makawanpur
info@hsm.edu.np
www.hsm.edu.np
DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

# जतिको तति नबढोस् कति



## अकबर वीरबलको कथा

एक पटक अकबरले सभा शुरु हुनुपूर्व नौ प्रश्न गरे, 'कुनै बाखालाई मीठो मीठो घाँस दिइयोस् । दाना पनि भिटामिनयुक्त दिइयोस् तर त्यो नमोटाओस् अर्थात पहिले जति थियो त्यति नै वा त्यो भन्दा कम तौलको रहोस्, सक्छ कोही ?'

कोही पनि बोलेनन् । सबैले खासखुस गरे, 'पोषिलो खाना दिएपछि वजन त बढिहाल्छ कसले रोक्ने ?'

वीरबल भने टुपी मुसारेर बसिरहेका थिए । कोही पनि नबोलेपछि अकबरले फेरि प्रश्न गरे, 'यो राज्यमा अक्कलयुक्त मानिस सकिएकै हुन् त ?'

'सकिन खोजेको भान हुन्छ सम्राट !' वीरबलले जवाफ दिए ।

'त्यसो भए तिमी पनि मर्‍यौ ?'

'धुकधुकी बाँकी हुन सक्छ सम्राट ।' वीरबलले जवाफ दिए ।

'के मेरा चुनौति स्वीकार्ने सामर्थ्य बाँकी छ ?'

'मजाले जहाँपनाह !' वीरबलले हाँस्दै भने ।

'यो ख्याल होइन । दानापानी मैले पठाएको दिने । घाँस छानेर पोषिलो दिने अनि एक महिनापछि अहिलेको तौलसँग दाज्ने गरी तौलिने हुन्छ ?' अकबरले सोधे । वीरबलले सहजै स्वीकार गरे । यसका लागी वीरबलले आफ्नै घरमा एउटा गोठ बनाए । गोठमा दुई खण्ड थियो ।

अकबरले पठाएको बाखे त्यहाँ बाँधियो । शाही दानापानी खान दिइयो । बाख्राले तोकिएको दानापानी र घाँस खाए नखाएको निरीक्षण गर्न अकबर जान भए । कहिँलेकाहीँ अकबरले अन्य मन्त्रीलाई पनि पठाए । कहिले त वीरबललाई मन नपराउने उनको सालो र अन्य भारदारलाई पनि हेर्न पठाउँथे । सबैले ठीक छ सम्राट ! भनेर रिपोर्ट सुनाए ।

महिना दिन पुग्यो । अकबरसहितको टोली वीरबलको निवासमा पुग्यो । उनीहरुले बाखो हेरे । बाखो खासै मोटाएको देखिएन । उनीहरु छक्क परे । तौलिँदा त अवश्य केही न केही बढेको होला भन्ने अनुमान थियो तर त्यो पनि देखिएन । सबैभन्दा चाखलाग्दो कुरा त बाख्राको तौल यथावत् थियो । सबैले वाह वीरबल भनेर ताली बजाए । कसरी त्यस्तो हुन गयो भनेर वीरबलले केही बताएनन् ।

बाखाको निरीक्षण गरिसकेपछि अकबरसहितको टोली दरबारमा फर्क्यो । सबैको मनमा उत्सुकता थियो त्यस्तो कसरी भयो ? वीरबल भने भनिरहेका थिएनन् । त्यो कुराको रहस्य थाहा पाउन सबै आतुर थिए त्यसमा पनि अकबर झनै व्यग्र भइरहेका थिए ।

'आजको सभामा पहिलो विषय बाखा नै हुनेछ । त्यतिका दानापानी र घाँस खुवाएर पनि बाख्राको तौल नबढ्नुको कारण जान्ने हाम्रो चाहना छ ।'

'सम्राट ! यसको जवाफ यहाँ पाइने छैन । जवाफका लागी फेरि एक पटक मेरो घरसम्म कष्ट गर्नुपर्ने छ ।' वीरबलले जवाफ दिए । सभाले नियमित कार्य सक्यो । त्यस साँझ सभासद् र मन्त्रीका साथमा अकबर पुनः वीरबलको घरमा गए । उनीहरु बाखो बाँधेको खोरको सामुन्नेमा उभिए । त्यहाँ उही बाखो थियो । उनीहरुले केही पनि देखेनन् ।

'खै त यो खोर हेरेर त केही जवाफ पाइन्न नि !' अकबरले सोधे ।

'सम्राट ! नियालेर हेर्नुहोस् । निरीक्षण गर्न पनि जान्नुपर्छ ।' वीरबलले भने । अकबर बाखाको खोरको ढोका भित्र पसे । खोरको दोस्रो खण्डमा भयानक पाटे बाघ थियो । जुन बाघ बाहिरबाट देखिँदैनथ्यो तर भित्र बाँधेको बाखोले देख्नेगरी राखिएको थियो । बाखाले त्यतिका पोषिलो खाना खाएर पनि किन मोटाएन भन्ने प्रश्नको जवाफ सबैले पाए । सबैले वीरबलको बुद्धिको प्रशंसा गरे ।

# गाउँखाने कथा

१. सानी–सानी नानीको मीठो भान्छा ।
- मह

२. तारे भिरमा अनौठो पानी, कहिँलेकाहीँ बगेर जानी ।
- पसिना

३. दाँत हेर्दा हीराजस्तो, जुँगा हेरे बाघ, कपडाको चाङ भित्र बस्ने यसको जात ।
- मकै

४. आई बुढि मच्चिँदै, गई बढि थच्चिँदै ।
- पिङ

५. पातालमा खुट्टा यसका, टाउकोमा सुँड छ, सुडँ चलाइदिए हवालहवाल्ती छादछ ।
- ट्यूवेल धारो

# सुनौलो भविष्य



**आस्था बन्जारा**

म यात्रामा छु
सुनौलो भविष्यको तर्फ
सुनौलो भविष्यको अस्पष्ट चित्र कोर्दै
चालिदैछन् पाइलाहरु

त्यसैले त मार्गमा छु म ज्ञानदीपको
शिक्षा र दीक्षाको दियो जीवनमा छर्न
म ज्ञानको दिव्य दीप आफ्नै जीवनमा छर्न सकौं
सही आचरण र संस्कार जीवनभर भर्न सकौं

मलाई ज्ञान भर्नु छ आफैंभरी
र छर्नु पनि छ ती ज्ञान झरी जसरी
प्रार्थना छ मेरो, उज्यालो छँदा आफू रित्तो दियो बन्न नपरोस्
छर्दा आफूमा समेटिएका ज्ञान आफैँमा नरित्तियोस्

म सभ्य बन्न सकूँ
म शिक्षित बन्न सकूँ
भविष्य हाँक्ने नागरिक म
कर्मशील बन्न सकूँ ।

कक्षा-८, जीएस निकेतन मावि

# सम्झनामा भानु



**क्रिश्मा लौंडारी**

जन्मिएरका थियौ भानु चुँदीरम्घा गाउँमा त्यो
रची काव्य अमर गाथा लेखिहाल्यौ नाउँमा त्यो

निचोरेर भाव रस पोखिदियौ छरपष्ट
कोरी शव्द बढ्यौ तिमी आदिकवि भानुभक्त

कविताका फुलबाट छर्‍यौ बासना सुगन्धित
तिम्रो सिको गर्दै मैले कमलसँग लाएँ मित

राख्नु यौटा कृति भनी सन्देश लियौ घाँसीबाट
शिक्षा दीक्षा पायौ तिम्ले हजुरबा र काशीबाट

सफल भयौ पुग्न त्यहाँ पुग्या छैनन् जहाँ रवि
तिमी मेरो प्रेरणा हौ भानुभक्त प्रिय कवि

लेख्नु छ यी डाँडाकाँडा पहिरोका कथाहरु
लेख्नु छ यी बुढीमाका संघर्षका व्यथाहरु

भर्नु छ सुगन्ध मैले कागजका फुलमा पनि
भिन्न भई उभिनुछ करोडौंको हुलमा पनि

आज तिम्रो जन्मदिनमा शव्द गुच्छा सुम्पिएँ है
आशिष दिन प्रिय भानु साहित्यमा लम्किएँ है ।

कक्षा-८
ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४, कमलडाँडा

# आमा



**रोशिका भट्टराई**

शब्द नै कति मिठो छ आमाको
झन माया त कति मिठो होला ?
ईश्वरले पठाएको देवता पो हुन्
कसले के नै गर्न सक्छ र ?

नौ महिना कोखमा राखी आफ्नो सन्तान जन्माउँछिन्
बच्चालाई खुवाउन जे पनि गर्छिन्
बच्चा रोयो भने आफ्नो काखमा सुताउँछिन्
ठूलो भएपछि उनी बोल्न सिकाउँछिन्

सधैंभरी हौसला दिइन् मलाई
नराम्रो काम गरैँ भने पिट्न पनि पिटिन्
ठूलो भइसके पनि आमाको काखमा सुत्न मन लाग्छ
त्यही भएर होला उनको धेरै माया लाग्छ ।

*कक्षा-७, अमर मावि*

# कलम



**स्पन्दन बतौंला**

नयाँ कलम किनेर घर आउँछु म
टेबुलमा कलम राखी खेल्न जान्छु म ।

घर आएपछि कलम हेर्छु म
कमल नभएपछि खोज्न थाल्छु म ।

हराएर कलम अलमलमा परैं म
गृहकार्य गर्न नपाएर फसैं म ।

*कक्षा-४*
*बालजागृति इंग्लिस सेकेण्डरी बोर्डिङ स्कूल*

# आदिकवि भानुभक्त



**प्रिसियस जंग क्षेत्री**

नेपालमा आदिकवि भानुभक्त हाम्रा
ज्ञानगुनका कुराहरु कविता झन् राम्रा

कवितामा हुने गर्छ हाम्रै भाषाबोली
हामी सबै पढ्ने गर्छौं भित्रि मन खोली

आज हामी सानासाना फुलका कोपिला
पढीलेखी ज्ञानी बन्ने हामी जोशिला

हामी सबै सँगै मिली गाउँछौं एउटै ज्ञान
आदिकवि भानुभक्तमा राख्छौं सधैं सम्मान ।

कक्षा-३, नवोदय शिशु सदन मावि

# पृथ्वीनारायण शाह



**रिदिमा भट्टराई**

पृथ्वीनारायण शाहले देशको एकीकरण गरे
रणभूमिमा धेरै सैनिकहरु मारे ।

पृथ्वीनारायण शाहले गरे युद्ध
नराखी स्वार्थ र मन अशुद्ध ।

उनले रचे देशमा इतिहास
गरिबको व्यवस्था गर्थे गाँस र बाँस ।

पृथ्वीनारायण शाहको थियो गोर्खाली सैनिक
एकछिन विश्राम नगरी युद्ध गर्थे दैनिक ।

उनले असल मानिसलाई लाउथे गुन
घुस लिन्या र दिन्या भन्थे दुवै शत्रु हुन् ।

गोर्खाली सेनाले अङ्ग्रेजसँग गरे भिडन्त
अन्त्यमा अङ्ग्रेजहरु लडाई छोडेर भागे अन्त ।

उनले बलभद्र कुँवरको साथ पाए
अनि सजिलै देशको सिमाना बढाए ।

कक्षा-८, ज्ञानदीप शिक्षा निकेतन मावि

# चित्रकला




दिभिया मोक्तान
कक्षा-२




समीर घताने
कक्षा-९, निर्मल मावि, हेटौंडा-१९

# म नयाँ नेपाल हुँ




**सरोजप्रसाद साह**

म नयाँ नेपाल हुँ ॥
म नव-विज्ञानको आधार हुँ ।
म सम्पूर्ण नारीको सम्मान हुँ ।
म उन्नतिको नयाँ उडान हुँ ।



म नयाँ नेपाल हुँ ॥
म इन्द्रेणीय आकाश हुँ ।
म सुनौला सपनाका आधार हुँ ॥
म जटिल समस्याका त्रिकोण समाधान हुँ ।



म नयाँ नेपाल हुँ ॥
परिवर्तन मेरो अटल परिचय हो ।
शिरमा छ प्रविधिको ढाका टोपी ॥
म देशभक्तिको पहाड हुँ ।

म नयाँ नेपाल हुँ ॥
मभित्र प्रलय सहने सहस छ ।
म भक्ति थापा र शास्त्रीका भाति वीर हुँ ॥
म भोलिको हकदार हुँ ।

म नयाँ नेपाल हुँ ॥
असफलता मेरो पुरानो मित्र हो ।
हिराको भाति तेज, मेरो चरित्र हो ॥
म सूर्य र चन्द्रको नयाँ पहिचान हुँ ।
म नयाँ नेपाल हुँ ॥

म नयाँ नेपाल हुँ !!

# आमा



**मञ्जरी मोक्तान**

नौ महिना कोखमा राखी जन्म दियो आमा
यी आमालाई घृणा गर्छन् यो संसारमा
दुःख कष्ट नभनी जन्म दियो हामीलाई
यी आमाको आशीर्वाद सधै पाइरहोस् है ।

आफु नखाई नखाई हामीलाई खुवाई दिए
आफू नलाई नलाई हामीलाई लगाई दिए
हाम्रो पेट भर्नलाई कति खट्यौ होला
हाम्रो खुसी पूरा गर्न कति लड्यौ होला

हाम्रो खुसीमा आमा खुसी भयौ
माया र ममता हामीले कति धेरै पायौं
आमाको हात सधैं तिम्रो शीरमा रहोस्
यी आमाको आशीर्वाद सधैं पाइरहोस्

*कक्षा-८, गीतावर आधारभूत विद्यालय*
*बकैया गाउँपालिका*

# मेरो जित हेर्न तिमी हार्छौ भने हार



**भोजराज संजेल**

मेरो जित हेर्न तिमी हार्छौ भने हार
मन भित्रको अङ्कुसिमा पार्छौ भने पार
हिमाल जस्तो अटलमन त्यति छिटै पग्लदैन
माया रुपि जेसिविले खार्छौ भने खार

तिम्रो तस्वीरको एक झलकमै खुशी हुन्छ यो मन
तिमी बाट टाढा हुन परे थाहै नदिइ रुन्छ यो मन
भौतिक शरीर यताउती डुलिरहेपनी
सदैव तिम्रै कल्पनामा टोलाइरहन्छ यो मन

बकैया-८
सिद्धार्थ मावि कक्षा-१२, कानुन संकाय

# समय

समय एउटा गतिशील गाडी हो
जसको कुनै मोल छैन
समय एउटा बेसहारा पार्टी प्राणी हो
जसको कुनै दोष छैन

समय एउटा चौतारीको मानिस हो
जसको कुनै आधार छैन
समय एउटा कुंजी हो
जसको कुनै शब्द छैन ।

समय एउटा साथी हो
जसको कुनै भर छैन
समय एउटा जीवन साथी हो
जसको कुनै आश हुँदैन ।



**ममता गोले**

कविता र गीतको स्वाद पाउँछु म गजलमा
साथ साथ तिम्रो याद पाउँछु म गजलमा
करले होइन रहरले म लेख्छु
मनमा उर्लदो लहरले म लेख्छु ।

लाचारको कुरा गर्नु बेकार छ
सरकारको कुरा गर्नु बेकार छ
सत्य तथ्य देख्ने खै इन्द्रीय कहाँ छ
प्रचारको कुरा गर्नु बेकार छ ।

*कक्षा-८, गीतावर आधारभूत विद्यालय*
*बकैया गाउँपालिका*

**सामुदायिक रेडियो,**
**रेडियो निकास ९३.४ मेगाहर्ज**
**सुनौं र सुनाऔं**

## स्वादिष्ट नेवारी खाजा






अब होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश

### सार्वजनिक सूचना

यस उपमहानगरपालिका क्षेध भित्र संचालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुको आ.व. २०७९०/०८० को कारोबार बिवरण सहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक वर्ष २०८०/०८१ को कारोबार सुचारु गर्नु पर्ने कानुनी प्रावधान रहेकोले मिति २०८० श्रावण १ गतेदेखि अर्को सूचना नभएसम्मको लागि उद्योगबाट नदीजन्य पदार्थको बिक्री बितरण कार्य नगर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि निर्देशनअनुसार यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**राजश्व प्रशासन शाखा**
**हेटौंडा उपमहानगरपालिका**

## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश

### राजश्व संकलन कार्य बन्द हुने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस कार्यालय अन्र्तगत राजश्व प्रशासन शाखाबाट सम्पादन हुँदै आएको राजश्व सम्बन्धी सेवाहरु आर्थिक वर्षको प्रारम्भमा कम्प्युटरकृत तथ्याङ्क अद्यावधिक र आन्तरिक तयारी गर्नु पर्ने भएकोले मिति २०८० श्रावण १ गतेदेखि ५ गते सम्म राजश्व प्रशासन शाखाबाट प्रदान गरिने सबै सेवाहरु तथा वडा कार्यालयबाट गरिने राजश्व सम्बन्धी सेवाहरु बन्द रहने ब्यहोरा सम्बन्धित सबै सेवाग्रहीहरुमा निर्देशनअनुसार जानकारी गराईन्छ । यसबाट सेवाग्राहीमा परेको असुविधाप्रति उपमहानगरपालिका क्षमायाचना गर्दछ ।

**शाखा प्रमुख**
**राजश्व प्रशासन शाखा**

## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
**QRL (Qualified Reference Lab)**

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# साताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: समय ठिकै छ । अध्ययन–अध्यापनका क्षेत्रमा बढी भन्दा बढी समय व्यतित हुने योग छ । प्राविधिक पेशाप्रति वितृष्णा बढ्ला । सामाजिक तथा धार्मिक कृत्यमा सरिक भइने समय छ । विशिष्ट व्यक्तिहरुसँग मित्रता बढ्ला । व्यापार–व्यवसायबाट सोचे अनुरुप लाभ नहोला । प्रयासले अड्किएको काम बन्ला । लगनशील बन्नाले मान–सम्मान, पुरस्कार, उपहार प्राप्त हुने समय छ ।

**वृष राशि**: समय कार्यक्षेत्र र व्यापार–व्यवसायमा व्यस्त रहने छ । परीक्षा–प्रतियोगितामा सरिक भइएला । हौसला र प्रतिष्ठाले काममा पूर्णता प्राप्त होला । आर्थिक पक्ष भने कमजोर रहला । लक्ष्य प्राप्तिको लागि निरन्तर लागि परिएला । प्रशासनिक कामकाजमा अपजस आइपर्ला । दाम्पत्य जीवन र पारिवारीक जमघट बढ्ला । प्राविधिक ज्ञानप्रति आकर्षण होला । पढाइ–लेखाई ठिकै छ ।

**मिथुन राशि**: समय अरुको काममा व्यतित होला । वृद्धवृद्धाको सेवा र दीन दुःखीका लागी समय बित्ला । सहयोगीहरुले सहयोग गर्लान् । व्यक्तित्व विकासका लागि लागि परिएला । विद्यार्थी वर्गले छात्रवृत्ति वा सहुलियत पाउन सकिने छन् । नयाँ जानकारी र समाचारहरु प्राप्त गर्न सकिने छ । हाँके ताकेका कामहरु पूर्ण होलान् । नियमित काम धन्दामा पनि केही बाधा रहने समय योग छ ।

**कर्कट राशि**: समय संकट र जोखिमबाट बचिने छ । महत्वकांक्षा नराख्दा राम्रो रहन्छ । कामलाई निरन्तरता दिँदा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । व्यवहारिक जानकारी पनि प्राप्त होला । धार्मिक कृत्यमा सरिक र परोपकारजन्य काममा लागि परिएला । सवारी साधन र हातहतियारसँग बच्दा राम्रो रहन्छ । पढाइ–लेखाइ मध्यमकारक नै मान्नुपर्दछ ।

**सिंह राशि**: समय सुधारात्मक देखिन्छ । आफन्तको सहयोगले काममा पूर्णता प्राप्त होला । साँझेदारी कामबाट घाटा होला । यात्रा र भेटघाटमा रमाइएला । कल्पना र भावनामा रमाइने छ । परोपकारजन्य काममा सरिक भइएला । रोगव्याधबाट बच्नु पर्ला । हृदय भावुक बन्न सक्ने समय योग छ । पाठ्यक्रममा ध्यान केन्द्रित गर्दा राम्रो होला ।

**कन्या राशि**: बहस र वादविवादमा विजय प्राप्त हुने योग छ । लक्ष्य प्राप्तिका लागि पर्नु पर्ला । विशेष स्थानमा घुमफिर र भेटघाट होला । कारोबारका दृष्टिले कमजोर समय छ । चिन्ताग्रस्त भइएला । पढाइ–लेखाइले सताउने छ । प्रतिद्धन्द्धीसँग बच्दा राम्रो होला । अनावश्यक चिन्ता नगर्दा राम्रो । व्यापार–व्यवसाय मध्यम छ । परीक्षामा भने सफलता प्राप्त ।

**तुला राशि**: जोखिम र सङ्कटले भरिपूर्ण समय हो । यस अवधिमा नैराश्यता, दिकदारी र चिडचिडेपन बढ्न सक्छ । परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ बढ्नेछ । लगानी र दौडधूपको समुन्वित समय छ । व्यापार–व्यवसाय ठिकै छ । कार्यक्षेत्र र व्यवसायमा पनि चुनौति सामना गर्नुपर्ला । रहस्यात्मक विषयमा रुचि बढ्ला । पढाइ–लेखाइ ठिकै छ ।

**वृश्चिक राशि**: धन लाभ होला । उपहार चिठ्ठा प्राप्त गर्न सकिनेछ । दीर्घकालिन आय बढाउने कार्यमा लाग्दा राम्रो रहन्छ । शेयर कारोबारबाट लाभ होला । प्रेम र मित्रताको सम्बन्ध कसिलो होला । आफन्तहरु टाढिन सक्छन् । कर्मचारी र जागिरेका लागि उपयुक्त समय छ । अध्ययन–अध्यापन ठिकै रहला ।

**धनु राशि**: समय मध्यमफलदायी छ । ऋण सापटीको बोझ हट्नेछ । प्रेमी र प्रियसीसँग रमाइएला । रिस र घमण्डको पारो चढ्ला । प्रशंसकहरुले आलोचना गर्लान् । विचार र धारणालाई तौलेर काम गर्दा राम्रो । अहंकार र रिस त्याग गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यम छ । धार्मिक यात्रा योग रहला । पढाइ–लेखाइ मध्यम छ ।

**मकर राशि**: इच्छाशक्ति र आन्तरिक उर्जाको उदय हुने महत्वपूर्ण समय छ । ज्ञान, आत्मबल र सामर्थ्य बढ्ला । अरु प्रभावित होलान् । आत्मविश्वासमा वृद्धि होला । प्रतिस्पर्धीहरुको हार होला । व्यापार व्यवसाय ठिकै रहला । धार्मिक र परोपकारजन्य काममा समय व्यतित होला । हरेक काम सावधानीपूर्वक गर्दा राम्रो होला । पढाइ–लेखाइ ठिकै छ ।

**कुम्भ राशि**: निर्णायात्मक काममा ध्यान केन्द्रित होला । घरायसी समस्या बढ्न सक्छ । व्यापार–व्यवसायमा कारोबारमा बाधा होला । जागिरेका लागि मन अशान्त होला । धार्मिक वा माङ्गलिक काममा सरिक भइने छ । पठनपाठनको क्षेत्रमा समस्या योग देखिन्छ । हरेक काममा भने सफलता प्राप्त होला । विवादबाट बच्नुपर्ला ।

**मीन राशि**: आत्मविश्वास र दृढ इच्छाशक्तिको उदय होला । लगनशील बन्न कडा परिश्रम गरिएला । अरुलाई आकर्षित तुल्याइएला । बन्धुबान्धव तथा छरछिमेकीका काममा सघाइएला । सामाजिक तथा धार्मिक क्रियाकलापमा सक्रिय भइएला । राम रमाइलोमा दिन व्यतित होला । विद्यार्थीका लागि पनि ठिकै समय छ ।

## हेटौंडा कृषि बजार
**हेटौंडा-४, मेनरोड**

**सूचना सूचना सूचना**

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।

**सेवाहरु**




- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ त
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने ।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

**सम्पर्क: ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९**





# आठ वर्षदेखि फुटबल सिकाउँदै भीम लामा




रोहित थापा क्षेत्री

हेटौंडाः हेटौंडा–४ स्थित हुप्रचौरमा बसोबास गर्ने हेटौंडा फुटबल एकेडेमीका फुटबल प्रशिक्षक भीम लामाले विगत आठ वर्षदेखि फुटबल सिकाउँदै आउनुभएको छ । लामाले बिहान ६ः३० बजेदेखि ८ः०० बजेसम्म साना बालबालिकालाई र ८ बजेदेखि १० बजेसम्म ठूला व्यक्तिहरुलाई फुटबल प्रशिक्षण दिइरहनु भएको छ ।

१४ वर्षभन्दा मुनिका बालबालिकालाई साताको ५ दिन र त्यो भन्दा अधिक उमेरका व्यक्तिहरु साताको ६ दिन प्रशिक्षण दिने गरेको लामाले जानकारी दिनुभयो । दैनिक ५० जना देखि ६० जना प्रशिक्षार्थीहरु फुटबल प्रशिक्षणका लागि आउने गरेको उहाँको भनाइ छ ।

वर्षाको समयमा यातायातको सुविधा नहुँदा प्रशिक्षार्थी आउन नसकेका कारण प्रशिक्षार्थीको संख्या घट्ने गरेको लामाले बताउनुभयो । हेटौंडा फुटबल एकेडेमीबाट हुप्रचौरमा प्रशिक्षण दिने गरेका लामाले विभिन्न क्लबहरुले बोलाएको अवस्थामा मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका र हेटौंडा–८, कमानेका खेलाडीहरुलाई पनि प्रशिक्षण दिने गरेको जानकारी दिनुभयो ।

खेलाडीहरुले कुनै पनि प्रतियोगितामा भाग लिनुपरेको अवस्थामा ट्याक्टिस ड्रिलगेम ट्रेनिङ र प्रतियोगिता नहुने खण्डमा आभारभूत ट्रेनिङ, डिभेन्डिङ, डिभेन्सिङ, आक्रमण ट्रेनिङ दिने गरेको बताउनुभयो । आफ्ना खेलाडीहरुले कुनै पनि फुटबल प्रतियोगिता खेलेपछि खेलाडीहरुबाट प्रतियोगितामा भएको गल्ती र समस्याहरुलाई बुझेर प्रशिक्षण दिने गरेको लामाले जानकारी दिनुभयो ।

हेटौंडा फुटबल एकेडेमीका सञ्चालक प्रशिक्षक लामा लामो समयदेखि मकवानपुर जिल्लाका फुटबल खेलाडी बन्न इच्छुकलाई राष्ट्रिय स्तरसम्म पुऱ्याउने उद्देश्यले फुटबलको विकासमा नै लागिपर्नु भएको छ । 'नेपालमा फुटबल खेलेर भविष्य बनाउँछु भन्ने नसोचे हुन्छ, तर आफ्नो देशको लागि फुटबल क्षेत्रबाट देशको विकास गर्छु भनेर फुटबल खेलमा लागिरहेको छु', मकवानपुर जिल्लाबाट फुटबल खेलमा योगदान दिइरहेका लामाले भन्नुभयो ।

आफ्नै साथीभाइको स–सानो सहयोग र आफ्नै लगानीमा विभिन्न जिल्लाको प्रतियोगितामा भाग लिँदै आएको उहाँले बताउनुभयो । हेटौंडा फुटबल एकेडेमीले फुटबल प्रशिक्षणसँगै आफ्ना खेलाडीहरुलाइ विभिन्न जिल्लामा भएको फुटबल प्रतियोगितामा सहभागी गराउँदै आएको छ । स्थानीय सरकारबाट वार्षिक बजेट सहयोग छुट्याइयो भने फुटबट खेलमा बिना पोल्टिक्स नै क्रान्ति ल्याइदिने दाबी लामाले गर्नुभएको छ । परिवारले खेलकुद पनि शिक्षा हो भन्ने कुरा नबुझेर पढाइमा मात्र जोड दिने गरेका कारण खेलकुदलाई पनि हरेक विद्यालयले प्राथमिकता दिनुपर्ने उहाँले बताउनुभयो ।

स्थानिय निकायको सहयोगबिना नै निरन्तर फुटबल खेलमा लागिपरेको लामाले आफ्नो कामलाई अरुले नदेखेको बताउनुभयो । विभिन्न प्रतियोगितामा रेफ्रीको पनि भूमिका निर्वाह गरेको उहाँले जानकारी दिनुभयो । 'खेलाडीहरुको प्रतिक्रिया एकदमै राम्रो छ । तर टाढाबाट आउनुपरेको कारणले गर्दा खेलाडीहरुले तालिमलाई निरन्तरता दिन पाएका छैनन्', प्रशिक्षक लामाले भन्नुभयो ।

# निबन्ध प्रतियोगिताका विजयी पुरस्कृत

समाज संवाददाता

हेटौंडाः हेटौंडा–४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टले आयोजना गरेको निबन्ध प्रतियोगितामा विजयी विद्यार्थीलाई पुरस्कृत गरिएको छ । कलेजको आयोजनामा गत जेठ १२ गते भएको 'आमा' शीर्षकको निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने प्रतियोगीलाई पुरस्कार वितरण गरिएको हो ।

७० जना प्रतियोगीलाई पछि पार्दै निबन्ध प्रतियोगितामा ऋषि यादव प्रथम भएका थिए । प्रतियोगितामा कर्ण यादव द्वितीय, कृषाङ्गी अर्याल तृतीय, करुणा यादव र विशेषता थापा सान्त्वना भएका थिए । प्रथम, द्वितीय, तृतीय र सान्त्वनाले क्रमशः १५ हजार, १० हजार, ८ हजार र ५ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

शुक्रबार एक कार्यक्रमको आयोजना गरी प्रतियोगितामा उत्कृष्ट भएका विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको हो । प्रतियोगितामा हयग्रीव आचार्य, निरा शर्मा र भवानी तिमल्सिना न्यौपानेले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्टका सहायक क्याम्पस प्रमुख राम पण्डित खनालको अध्यक्ष्यतामा भएको कार्यक्रममा कलेजका शिक्षक दीपक गौतमले स्वागत मन्तव्य राख्नुहुँदै आदिकवि भानुभक्त आचार्यको संक्षिप्त परिचय दिनुभएको थियो । कक्षा १२ का रोशनी चौलागाईं, निराजन अर्याल र सिम्रन जयसवालले भानु विषयमा कविता वाचन गर्नुभएको थियो । प्रतियोगीमध्येबाट ऋषि यादवले आफ्नो अनुभूति सुनाउनुभएको थियो । कार्यक्रम सञ्चालन संयोजक देवराज तिवारीले गर्नुभएको थियो ।

# विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने ६ जना पुरस्कृत हुने

समाज संवाददाता

हेटौंडाः आउँदो साउन ५ गते शुक्रबार विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने ६ जना व्यक्तिलाई पुरस्कृत तथा सम्मानित गरिने भएको छ । मातृभूमि साहित्य समाज मकवानपुरले शुक्रबार पत्रकार सम्मेलन आयोजना गर्दै पुरस्कृत गर्न लागिएको जनाएको हो ।

मकवानपुरका वरिष्ठ साहित्यकार आरआर चौलागाईंलाई श्याम श्रेष्ठ स्मृति–मातृभूमि पुरस्कार–२०७९ बाट पुरस्कृत गर्न लागिएको समाजका अध्यक्ष माधव पोखरेलले जानकारी दिनुभयो । वरिष्ठ साहित्यकार चौलागाईंलाई नगद १५ हजार रुपैयाँसहित पुरस्कृत गर्न लागिएको हो ।

'इश्वरी स्मृति–मातृभूमि पुरस्कार–२०७९' काठमाडौंका वरिष्ठ साहित्यकार शैलेन्द्र प्रकाश नेपालाई समर्पण गरिने बताइएको छ । होमनाथ बलदेवी मातृभूमि छन्द पुरस्कार–२०७९ चितवनका वरिष्ठ साहित्यकार लकाश पौडेललाई, 'शेखर शर्मा रिजाल स्मृति– मातृभूमि शैक्षिक सम्मान–२०७९' मकवानपुरका रामचन्द्र आचार्य 'फुर्सती'लाई प्रदान गरिने बताइएको छ । यसैगरी 'शेखर शर्मा रिजाल स्मृति–मातृभूमि शैक्षिक सम्मान–.२०७९' मकवानपुरका मालती उप्रेतीलाई प्रदान गरिने बताइएको छ । नेपाल, पौडेल, फुर्सती र उप्रेतीलाई नगद १५/१५ हजार रुपैयाँ राशिसहित पुरस्कृत गरिने जानकारी अध्यक्ष पोखरेलले दिनुभयो ।

यस्तै 'झलकबहादुर बानियाँ जीवन संघर्ष–मातृभूमि सम्मान– २०७९' बाट हेटौंडा–१८ हर्नामाडीमा रहेको कमला आधारभूत विद्यालयका एक विद्यार्थीलाई नगद ७ हजार ५ सय रुपैयाँ राशिसहित सम्मानित गर्न लागिएको उहाँले बताउनुभयो ।

# मनकामनाको शिक्षक अभिभावक संघ अध्यक्षमा तिमल्सिना

समाज संवाददाता

हेटौंडाः मकवानपुरढी–४ स्थित मनकामना माध्यमिक विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्षमा सुमित्रा तिमल्सिना चयन हुनुभएको छ । शुक्रबार गठन भएको शिक्षक अभिभावक संघको सदस्यहरुमा मायादेवी रुम्बा, बिना गोले, पार्वती गोले, बिना तितुङ, दीपेन्द्र केसी, मली गोले, देवकी मोक्तान र प्रतिमा राई चयन हुनुभएको छ । यस्तै, शिक्षक प्रतिनिधि बद्रीप्रसाद गौतम र सीता फँयल चयन हुनुभएको सहायक प्रधानाध्यापक सविता तिमल्सिनाले जानकारी दिनुभयो ।

शुक्रबार नै विद्यालयले पुरस्कार तथा छात्रवृत्ति वितरण गरेको छ । कक्षा १ देखि १० सम्म प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको विद्यालयका सहायक प्रधानाध्यापक तिमल्सिनाले जानकारी दिनुभयो ।

यस्तै, एसएलसीमा उत्कृष्ट जीपीए ल्याउन सफल ३ जना विद्यार्थीलाई विषयगत शिक्षकले पुरस्कार प्रदान गर्नुभएको छ । स्वास्थ्य विषयमा उत्कृष्ट अंक ल्याउने सफल रोजिना लम्साल र विवेक रुम्बालाई शिक्षक बद्रीप्रसाद गौतमले ३–३ हजार नगद पुरस्कार दिनुभएको हो । यस्तै, सामाजिकमा विषयमा उत्कृष्ट अंक ल्याउन सफल सस्मिता मोक्तानलाई २ हजार नगद पुरस्कार दिनुभएको तिमल्सिनाले जानकारी दिनुभयो । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुनप्रसाद तिमल्सिनाको प्रमुख आतिथ्य तथा जेष्ठ अभिभावक भीमबहादुर श्रेष्ठको आतिथ्य रहेको तिमल्सिनाले जानकारी दिनुभयो ।

# बज्रबाराही माविमा भानुभक्तका रचना पाठ

समाज संवाददाता

हेटौंडाः थाहानगरपालिका–६, बज्रबाराहीमा रहेको बज्रबाराही माध्यमिक विद्यालयमा शुक्रबार भानुभक्तका रचना पाठ प्रतियोगिता सम्पन्न भएको छ । २१० औं भानु जयन्तीको अवसरमा आदिकवि भानुभक्त आचार्यका रचना पाठ गरिएको हो ।

रचना पाठ प्रतियोगितामा सिवानी गोपाली र सविना घलान प्रथम हुन सफल भएका छन् । यस्तै, ज्योति लामा द्वितीय र लक्ष्मी बलामी तृतीय हुन सफल भएका छन् । प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई स्टेशनरी सामग्री पुरस्कार प्रदान गरिएको छ । सोही अवसरमा प्रथम त्रैमासिक परीक्षामा उत्कृष्ट हुने विद्यार्थीलाई पनि स्टेशनरी सामग्रीले पुरस्कृत गरिएको छ । नर्सरीदेखि कक्षा–१२ सम्मको नतिजा प्रकाशन गरी उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिएको हो । यस्तै, २०७९ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सफल हुने विद्यार्थीलाई डाइरीसहित खादाले सम्मानित गरिएको छ । परीक्षामा सहभागी ३८ जना माथिल्लो तहको कक्षामा अध्ययन गर्न योग्य रहेको भन्दै सम्मानित गरिएको विद्यालयका लेखापाल रवीन्द्र बिडारीले जानकारी दिनुभयो । यसैगरी अभिभावकबीच मैत्रीपूर्ण म्युजिकल चियर प्रतियोगिता आयोजना गरिएको छ । प्रतियोगितामा प्रथम हुने दिलबहादुर रुम्बालाई नगदसहित प्रमाणपत्र प्रदान गरिएको छ । विद्यालयका प्रधानाध्यापक रमेशमान डंगोलको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

# शिक्षक संगठनको तेस्रो नगर परिषद सम्पन्न

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय शिक्षक संगठनको तेस्रो नगर परिषद सम्पन्न भएको छ । शुक्रबार सहकारी शिक्षा कार्यक्रमसँगै संगठनको तेस्रो नगर परिषद् सम्पन्न भएको हो ।

संगठनको हेटौंडा उपमहानगर समिति अध्यक्ष गोपीरमण प्याकुरेलको सभाध्यक्षता तथा केन्द्रीय समिति सदस्य लक्ष्मी गजुरेलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा गजुरेलले वि.सं २०३६ सालमा संगठन स्थापनाको समय स्मरण गराउनुभयो ।

शिक्षकहरुले तलब सुविधा नपाएर बाँच्नका लागि कठिन परेको अवस्थामा तत्कालीन शिक्षकहरुको आन्दोलनबाट संगठन निर्माण भएको उहाँले जानकारी दिनुभयो । महिला शिक्षक मिलेर शिक्षक संगठनलाई अझ अगाडि बढाउन उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा संगठनको सांगठनिक प्रतिवेदन सचिव देवराज शर्मा र कोषाध्यक्षको प्रतिवेदन भरत पोखरेलले प्रस्तुत गर्नुभयो । सोही अवसरमा शिक्षक हित बचत तथा ऋण सहकारी संस्थाले सहकारी शिक्षा कार्यक्रम गरेको थियो । सहकारी अभियन्ता बद्रीप्रसाद लम्साल र सीताराम दहालले सहकारी शिक्षाबारे प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रममा शिक्षक संगठन बागमती प्रदेश सचिवालय सदस्य मोहनप्रसाद शर्मा, सदस्य सुनिल गौतम, जिल्ला अध्यक्ष श्रीराम दहाल, उपाध्यक्ष प्रतिभा गौतम, सचिव मुकुन्द न्यौपाने कोषाध्यक्ष भावना सापकोटालगायतको उपस्थिति थियो ।

# प्रा. डा. भट्टराई र समृद्ध समाजका सम्पादक श्रेष्ठ पुरस्कृत हुने

समाज संवाददाता

हेटौंडाः वरिष्ठ साहित्यकार प्रध्यापक डा. गोविन्दराज भट्टराई र बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशन हुँदै आइरहेको समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठ पुरस्कृत हुनुहुने भएको छ । शुक्रबार मातृभूमि साहित्य समाज मकवानपुर र महालक्ष्मी विकास बैंक लिमिटेडले संयुक्त पत्रकार सम्मेलन आयोजना गर्दै भट्टराई र श्रेष्ठलाई पुरस्कृत गर्न लागिएको जनाएको छ ।

एक्काइसौं महालक्ष्मी साहित्य पुरस्कार–२०७९ काठमाडौंका वरिष्ठ साहित्यकार प्राध्यापक भट्टराईलाई समर्पण गर्न लागिएको मातृभूमि साहित्य समाज मकवानपुरका अध्यक्ष माधव पोखरेलले जानकारी दिनुभयो । उक्त पुरस्कार साहित्य क्षेत्रमा योगदान पुऱ्याउने साहित्यकारहरुलाई वि.स. २०५९ सालदेखि नै निरन्तररूपमा प्रदान गरिँदै आएको छ । यसपटक त्रिभुवन विश्वविद्यालयका प्राध्यापकसमेत रहनुभएका तथा अनुवादक, लेख, अनुसन्धाकर्ता, कवि भट्टराईलाई ५१ हजार रुपैयाँ नगद राशिसहित आगामी साउन ६ गते शनिबार पुरस्कृत गरिने उहाँले बताउनुभयो ।

यसैगरी 'केशवलाल स्मृति–मातृभूमि पत्रकारिता पुरस्कार–२०७९' मकवानपुरका पत्रकार सुरेश श्रेष्ठलाई समर्पण गरिने उहाँले जानकारी दिनुभयो । श्रेष्ठ मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाका प्राध्यापक, समृद्ध समाजका सम्पादक र रेडियो निकास ९३ दशमलब ४ मेगाहर्जका स्टेशन म्यानेजरसमेत हुनुहुन्छ । श्रेष्ठलाई ७ हजार ५ सय रुपैयाँ नगद राशिसहित उक्त पुरस्कारबाट पुरस्कृत गरिने अध्यक्ष पोखरेलले बताउनुभयो । पत्रकार सम्मेलनमा महालक्ष्मी विकास बैंक लिमिटेड शाखा कार्यालय हेटौंडाका प्रबन्धक अनन्तराज धिताल, साहित्यकारहरु मुक्तिगोविन्द वैद्य, किशन पौडेललगायतको उपस्थिति थियो ।

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

तपाई र तपाईको बालबालिकाको सपना पूरा हुने एक मात्र ठाउँ हाम्रो हेटौंडामा दक्ष, अनुभवी एवम् ख्याति प्राप्त Selected शिक्षकहरुको समूहद्वारा सञ्चालित शहरको गौरव Bhutandevi Secondary School (Technical School) मा शैक्षिक सत्र ०८०/०८१ का लागि विशेष Scholarship मा Science, Management (English/Nepali Medium), 3 years Diploma in Civil Engineering र Civil Engineering (9-12) मा धमाधम भर्ना र कक्षा संचालन भइरहेको छ । तसर्थ समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

### हाम्रा विशेषताहरू

१. शैक्षिक सत्र ०७८/०७९ मा Civil Engineering धार तर्फ कक्षा–१२ मा नेपाल प्रथम हुन सफल ।
२. दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराईने ।
३. अत्याधुनिक Computer/Science र Civil Engineering Lab को व्यवस्था भएको ।
४. Multimedia को प्रयोग गरी कक्षा संचालन गरिने ।
५. उपयुक्त भौतिक पूर्वाधार सहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेलमैदान भएको ।
६. विद्यार्थीहरुको नियमित मूल्याङ्कन, Motivational & Counseling को व्यवस्था ।
७. "सबैको लागि शिक्षा, निशुल्क शिक्षा" को मर्म अनुसार विशेष Scholarship को व्यवस्था गरिएको ।
८. समय समयमा विषयगत रुपमा क्षेत्रगत भ्रमण एवम् शैक्षिक अध्ययन अवलोकन भ्रमण समेत गर्ने गरेको ।

| | |
|---|---|
| GPA-3.6 to 4 | Full Scholarship. |
| GPA-3.2 to 3.6 | Admission free plus 50% discount in monthly fee. |
| GPA-2.4 to 3.2 | 50% discount in monthly fee. |
| GPA-1.6 to 2.4 | 25% discount in monthly fee. |

सम्पर्कका लागि:
०५७-५२०४२०, ९८६२१४५७५६, ९८४५६१८१७१, ९८४१८८२४१३, ९८५५०४१०६१, ९८४५२८६८३०, ९८५५०७१६०७

## शैक्षिक सत्र २०८० को लागि कक्षा-११ मा नयाँ भर्ना खुल्यो
## श्री बालबोध माध्यमिक विद्यालय
हेटौंडा-१७, हटिया, मकवानपुर



हाम्रो विशेषताहरु
- दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराइने ।
- हरेक कक्षामा अत्याधुनिक सुविधा सहित ल्यापटप तथा प्रोजेक्टरको माध्यमबाट पढाइ हुने ।
- अत्याधुनिक पुस्तकालयको व्यवस्था भएको
- अतिरिक्त सिकाइको लागि Math Lab, Science Lab, Computer Lab, E-Library को व्यवस्था भएको ।
- सुविधा सम्पन्न भवन, यातायातको व्यवस्था, स्वच्छ पिउने पानीको व्यवस्था भएको
- विगत १० वर्षदेखि जिल्लामै लगातार उत्कृष्ट नतिजा ल्याई पुरस्कृत भई जिल्लामै छुट्टै पहिचान बनाउन सफल ।

नयाँ विद्यार्थी भर्ना/रजिस्ट्रेशन :
२०८० असार २५ गते देखि

SUBJECTS OFFERED
- Account
- Business Studies
- Economics
- Child Development & Learning
- Education & Development
- Major Nepali/English

कक्षा संचालन:
२०८० श्रावण २ गते देखि

9855011570
9802511570

Email : balbodhschool2008@gmail.com

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ